**मधेश प्रदेश सरकार**

**अर्थ मन्त्रालय**

**जनकपुरधाम, धनुषा**

## स्तरवृद्धिका लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०८२।०१।१५

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ४० बमोजिम स्तर वृद्धिका लागि यस मन्त्रालय र मातहतका निकायमा कार्यरत प्रदेश निजामती सेवा अन्तर्गत प्रशासन सेवा, लेखा समूहका कमर्चारीहरु मध्ये अधिकृतस्तर छैठौं र आठौं तहमा स्तरवृद्धि हुने योग्यता पुगेका उम्मेदवारहरुले स्तरवृद्धिका लागि यस मन्त्रालयको Website- www.mof.madhesh.gov.np मा उपलब्ध फारम भरी निवेदनसाथ देहायका सम्पूर्ण कागजातहरु संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र यस मन्त्रालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि स्तरवृद्धि समितिको मिति २०८२।०१।१५ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

<u>देहायः</u>

- स्तरवृद्धि हुने एकतह मुनिको पदमा तीन वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजात (नियुक्ति पत्र, समायोजन पत्र, तथा पदस्थापन पत्रको प्रमाणित प्रतिलिपि),
- कम्तीमा तीस कार्यदिनको सेवाकालीन तालिम प्राप्त गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
- पछिल्लो तीन आ.व.मा कार्यरत रहेको कार्यालयको नाम र ठेगाना ।